# रम्भा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### पिपलडाँडा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७९

गाउँसभाबाट पारित भएको मिति : २०७९/३/२४

## रम्भा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९

प्रस्तावना : रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शूल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छिनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रम्भा गाउँसभाले यो विधेयक बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस विधेयकको नाम 'आर्थिक ऐन, २०७९' रहेको छ ।

(ख) यो ऐन २०७९ साल साउन १ गते देखि रम्भा गाउँपालिका भित्र लागु हुने छ ।

ग) यो ऐनमा उल्लेख गरिए बमोजिमका कर बाहेक अन्य कर असुल उपर गरिने छैन ।

२. एकिकृत सम्पत्ति कर र घर जग्गा कर : गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाइने र अशुल उपर गरिनेछ । एकिकृत सम्पत्ति कर हाललाई लगाइने छैन ।

३. भूमी कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्रको जग्गाको उपयोगको आधारमा अनुसूची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने छ । जग्गा रजिष्ट्रेसन वापतको दस्तुर प्रदेश कानुन बमोजिम लगाइनेछ र प्रदेश कानुन बमोजिम बाँडफाँड भए अनुसार प्राप्त हुनेछ ।

४. घर जग्गा बहाल कर : गाउँपालिका क्षेत्रभित्रको जग्गामा कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल रकममा घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. व्यवसाय दर्ता तथा नविकरण शूल्क : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची (४) बमोजिम व्यवसाय दर्ता तथा नविकरण शूल्क लगाइने र असूल उपर गरिनेछ ।

६. जडीवुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल र प्रचलित कानुन बमोजिम निषेधीत गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला यस्तै प्रकृतीको वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

८. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

९. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिने छ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

१०. बहाल विटौरी शूल्क :गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार, वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी





शूल्क लगाइने र असुल उपर गरिने छ ।

११. पार्किङ शूल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शूल्क लगाइने र असुल उपर गरिने छ ।

१२. ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शूल्क :गाउँपालिकाले आफ्ना क्षेत्र भित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग सेवा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (११) बमोजिमको शूल्क लगाइने र असूल उपर गरिने छ ।

१३. सेवा शूल्क, दस्तुर :गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची १२ मा व्यवस्था भए अनुसार शूल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. पर्यटन शूल्क :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) उल्लेखित दरमा पर्यटन शूल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. दहत्तर बहत्तर (ढुगां गिट्टी बालुवा) शूल्क: गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका नदिहरुवाट नदिजन्य पदार्थ विक्री वितरण गरेवापतको रकम प्रदेश कानुन बमोजिम अनुसूची १४ बमोजिम असुल उपर गर्न छ ।

१६. पंजिकरण विलम्ब शूल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गरेमा कुनै शूल्क लाग्ने छैन । ३५ दिन नाघेमा अनुसुची १५ बमोजिमको विलम्व शूल्क लाग्ने छ ।

१७. दण्ड जरिवाना : प्रचलित कानुन र नियम विपरित कामकारवाही गरेको पाइएमा गाउँपालिकाको निर्णय अनुसुची १६ बमोजिम जरिवान तिर्नुपर्ने छ ।

१८. वेरुजु असूली सम्बन्धमा : लेखापरिक्षण हुदाँ असुल गर्नुपर्ने भनी तोकिए बमोजिमको रकम असुल उपर गरिने छ ।

१९. अन्य कर : ऐनमा तोकिएकोमा तोकिए बमोजिम र नतोकिएको अन्य कर कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

२०. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर गाउँसभाबाट पारित दिन दुखीको हकमा अत्यवश्यक सिफारिश गर्नु परेमा कर छुट दिन सकिने छ ।

२१. कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१

### एकिकृत सम्पती कर र घर जग्गा कर

आर्थिक ऐन २०७९ को दफा २ अनुसार रम्भा गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पत्ती कर हाललाई लगाइने छैन । घर जग्गा कर मूल्याङ्कन समितीले प्रस्ताव गरेको दर रेट कार्यपालिकाबाट समेत पारित गरी गाउँसभाबाट पारित गर्नका लागि पेश गरेको छु ।

| क्र.सं. | विवरण | किसिम | कर, रकम वार्षिक) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | टिन/ढुङ्गा/टायलको घर | १ तले | १०० | |
| | | २ तले | १५० | |
| | | ३ तले | २०० | |
| | ढलान/पक्की घर | १ तले | २०० | |
| | | २ तले | ३०० | |
| | | ३ तले र सो भन्दा माथी | ५०० | |

नोट : एक भन्दा बढी घर भई प्रयोग गरेको अवस्था भएमा माथी उल्लेखित बमोजिमको कर लाग्नेछ ।

यी शीर्षकबाट रु.पाँच लाख आम्दानी हुने अनुमान गरेको छ ।

## अनुसूची-२

### भूमी कर (मालपोत)

आर्थिक ऐन २०७९ को दफा ३ अनुसार :

| सि.नं. | विवरण | खेत | बारी | पाखो | कैफियत |
|---|---|---|---|---|---|
| १ | अव्वल (५ रोपनी सम्म) | १५.०० | १५.०० | १५.०० | |
| २ | अव्वल (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ३ | दोयम (५ रोपनी सम्म) | १२.०० | १२.०० | १२.०० | |
| ४ | दोयम (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ५ | सीम (५ रोपनी सम्म) | १०.०० | १०.०० | १०.०० | |
| ६ | सीम (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ७ | चाहार (५ रोपनी सम्म) | ८.०० | ८.०० | ८.०० | |
| ८ | चाहार (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ९ | विलम्व दस्तुर | पहिलो एक वर्षको २० % | | | |
| | | दुई वर्षको ४० % | | | |
| | | तीन वर्षको ६० % | | | |
| | | चार वर्षको ८० % % | | | |
| | | पाँच वर्षको १०० % | | | |
| | ५ वर्ष भन्दा माथी आएमा प्रत्येक वर्ष २० % का दरले थप गर्दै लैजाने । | | | | |





जग्गा रजिष्ट्रेशन वापत जिल्ला मालपोत कार्यालय मार्फत गाउँपालिकालाई प्राप्त हुने रजिष्ट्रेशन दस्तुर अनुमानित सात लाख र गाउँपालिकाबाट आठ लाख गरी जम्मा पन्ध्र लाख हुने अनुमान गरेको छु ।

## अनुसूची-३

### घर जग्गा बहाल कर

आर्थिक ऐन २०७९ को दफा ४ अनुसार :

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिए वापत | |
| २ | अन्य प्रयोजनको लागि | १०% |

घर जग्गा बहाल कर वापत वार्षिक दुई लाख उठ्ने अनुमान गरेको छु ।

## अनुसुची-४

### व्यवसाय दर्ता तथा नविकरण शूल्क

आर्थिक ऐन २०७९ को दफा ५ अनुसार :

| क्र.सं. | विवरण | करको श्रेणी -क) | करको श्रेणी -ख) |
|---|---|---|---|
| १ | होटल, लज, एवं साधारण होटल | ५०० | ३०० |
| २ | रेष्टुरेण्ट (म:म, तास, सेकुवा आदि) | ३०० | २०० |
| ३ | मिठाई पसल | ३०० | २०० |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | ८०० | ५०० |
| ५ | फेन्सी पसल | ८०० | ५०० |
| ६ | विविध श्रृगार पसल (थोक/खुद्रा) | ५०० | २०० |

| | | | |
|---|---|---|---|
| ७ | उनी धागो पसल | २०० | १०० |
| ८ | जुत्ता चप्पल पसल | ३०० | २०० |
| ९ | निर्माण सामग्री | २००० | १००० |
| १० | खद्यान्न, किनारा डिलर/खुद्रा | ५०० | ३०० |
| ११ | भाडा र गिफ्ट पसल (थोक/खुद्रा) | ५०० | ३०० |
| १२ | पुस्तक तथा पत्रिका पसल | ५०० | ३०० |
| १३ | छापाखाना | ३०० | २०० |
| १४ | आर्ट | ५०० | ३०० |
| १५ | फोटो स्टुडियो | ३०० | २०० |
| १६ | रोट पकाउने | ५०० | |
| १७ | पूजा सामाग्री | ३०० | |
| १८ | रोट पकाउने तथा पूजा सामग्री संयुक्त | ७०० | |
| १९ | केवुल नेटवर्क | २०० | |
| २० | टि.भी., घडी, रेडियो, मोवाई विक्री/मर्मत | ३०० | |
| २१ | पङ्खा तथा स्टोभ मर्मत | २०० | |
| २२ | साइकल विक्री तथा मर्मत | २०० | |
| २३ | मोटर साइकल, मोटर पार्टस/वर्कसप | २००० | |
| २४ | ड्राइभिङ्ग इन्स्टिच्युट | १००० | |
| २५ | टायर मर्मत | ५०० | |
| २६ | ग्रील उद्योग | १५०० | |
| २७ | कवाडी सामानको थोक विक्रेता | | ५०० |
| २८ | टेण्ट हाउस | ५०० | |
| २९ | लाउण्डी पसल | ३०० | |
| ३० | मादल पसल | २०० | |
| ३१ | गोवर ग्याँस निर्माण कम्पनी | १००० | |
| ३२ | पाउ रोटी भण्डार | १००० | |





| | | | |
|---|---|---|---|
| ३३ | वित्तीय संस्था/सहकारी संस्था दर्ता शूल्क | वचत तथा ऋण सहकारी ३००० | कृषि तथा दुग्ध सहकारी-गाउँ गाउँमा क्रियाशिल विभिन्न आर्थिक कारोवार गर्ने समूहलाई वडा कार्यालय मार्फत गाउँ-गाउँमा दर्ता गर्न अभिप्रेरित गर्ने गरी दर्ता शूल्क रु.५००) |
| ३४ | संघ, प्रदेश तथा जिल्ला स्तरका कार्यालयमा दर्ता भई सुचीकरण हुन आउने संघ संस्थाहरु | ३००० | |
| ३५ | वित्तीय संस्था/सहकारी संस्था सिफारिस दस्तुर | ५०० | |
| ३६ | कृषि तथा सहकारी संस्था नविकरण | २०० | |
| ३७ | स्थानीय स्तरमा सञ्चालित विकास बैंक | १५०० | |
| ३८ | स्थानीय स्तरमा सञ्चालित वाणिज्य बैंक | २००० | |
| ३९ | व्यवसाय दर्ता र नविकरण सिफारिश दस्तुर | १५० | |

| | | | |
|---|---|---|---|
| ४० | कलर ल्यव | ५०० | |
| ४१ | निजी अस्पताल/औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | ५०० | |
| ४२ | पशु औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | ५०० | |
| ४३ | पोलिक्लिनिक (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | २०००० | |
| ४४ | बीज भण्डार | ५०० | |
| ४५ | रंग रोगन पसल थोक विक्री | १००० | |
| ४६ | इलेक्ट्रिक पसल थोक विक्री | १००० | |
| ४७ | फर्निचर (स्टिल, मेटल) उद्योग विधिवत दर्ता पछि) | १०० | |
| ४८ | फर्निचर (स्टिल, मेटल) पसल | ५०० | |
| ४९ | मिल कुटानी पिसानी | २०० | १०० (सिंगल पेज) |
| ५० | सुन चाँदी पसल | १००० | |

| | | | |
|---|---|---|---|
| ५१ | आइसक्रिम उद्योग तथा पसल | २०० | |
| ५२ | कपडा सिलाई (प्रति मेसिन रु.७५) | २०० | |
| ५३ | हेयर कटिङ | २०० | |
| ५४ | ल फर्म, लेखापढी व्यवसाय | ५०० | |
| ५५ | बोर्डिङ स्कूल मा.वि. र आधारभूत विद्यालय | ३००० | २००० |
| ५६ | निर्माण व्यवसाय (घ) वर्ग | १२००० | ६००० |
| ५७ | आयल पम्प -पेट्रोल पम्प | २००० | १५०० |
| ५८ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलिफोन | ३०० | २०० |
| ५९ | उद्योग (कृषि सम्बन्धी नियमानुसार छुट हुने) | ७०० | ५०० |
| ६० | स्पिङ सेन्टर | २००० | १५०० |
| ६१ | तरकारी पसल (होलसेल पसल ५००) | २०० | १५० |
| ६२ | चश्मा पसल | ५०० | ३०० |
| ६३ | दाँत बनाउने पसल (डेन्टल पसल) | ५०० | ३०० |
| ६४ | मासु पसल | ५०० | ३०० |
| ६५ | नर्सरी र फलफूलका विरुवा बिक्रि वितरण | ५०० | ३०० |
| ६६ | माटोको भाडा बनाउने | ३०० | २०० |
| ६७ | टेक्निकल इन्स्टिच्युट | २००० | १५०० |
| ६८ | कन्सल्टेन्सी फर्म (इन्जिनियर र सब इन्जिनियर) | ३००० | |
| ६९ | ज्योतीष सेवा | ३०० | २०० |
| ७० | अडिटर फर्म (क, ख, ग र घ) | १००० | ५०० |
| ७१ | सिलाइ, बुनाइ, पेन्टीङ प्रशिक्षण | ४०० | ३०० |
| ७२ | ल्याव (परीक्षण) | ५०० | ३०० |
| ७३ | पुल बोर्ड | ४०० | ४०० |
| ७४ | बालुवा, ढुङ्गा, गिटी निकासी | प्रति क्यू. फिट ४ रुपैया | |
| ७५ | रेमिटेन्स सेवा (राष्ट्र बैंकको प्रक्रिया पूरा भए पछि) | १००० | |
| ७६ | कटिङ ढुङ्गा, | १००० | ६०० |
| ७७ | खरि ढुङ्गाखानी | २००० | |
| ७८ | क्रसर उद्योग | २०००० | १०००० |
| ७९ | ब्लक उद्योग | २००० | १००० |





| | | | |
|---|---|---|---|
| ८० | फलफूल पसल | ३०० | |
| ८१ | ग्यााँस (नियमानुसार अनूमति) | ५०० | |
| ८२ | बंगुर फर्म दर्ता | १००० | प्रतिलिपी दर्ता शूल्कको ५०% |
| ८३ | कुखुरा फर्म दर्ता | १००० | " |
| ८४ | कृषि फर्म (एग्रो फर्म) | १००० | " |
| ८५ | डेरी स्थापना | १००० | " |
| ८६ | भैसी र पाडा फर्म | १५०० | " |
| ८७ | भैसी फर्म | १००० | " |
| ८८ | पाडा फर्म | १००० | " |
| ८९ | बाखा फर्म | १००० | " |
| ९० | लोकल कुखुरा फर्म | ५०० | |
| ९१ | नियम विपरित काम गर्ने व्यवसायीलाई जरिवाना | १०० % | |
| ९२ | बस, ट्रक, लहरी | ६००.०० | |
| ९३ | मिनी बस, ट्रक (६ पांग्रे) | ५००.०० | |
| ९४ | मिनी बस, ट्रक (चार पांग्रे) | ४००.०० | |
| ९५ | भाडा कार जिप | २५०.०० | |
| ९६ | निजी कर, भ्यान, जिप, पिकअप | २५०.०० | |
| ९७ | ट्याक्टर ठूलो ४० हर्षपावर भन्दा माथि | ५००.०० | |
| ९८ | ट्याक्टर सानो ४० हर्ष पावर भन्दा सानो | २५०.०० | |
| ९९ | स्कूटर, मोटरसाईकल | १००.०० | |
| १०० | ठेला तथा रिक्सा | ५०.०० | |
| १०१ | सफा टेम्पो | ५०.०० | |
| १०२ | पावर टेलर | २००.०० | |
| १०३ | लोडर, डोजर र एक्सामेटर (ब्याकुम) | ३०००.०० | |
| १०४ | घुमफिर गरी बेच विखन गर्नेलाई प्रति महिना | २००.०० | |
| १०५ | ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टीङ दर्ता शूल्क | १००० | |

व्यवसायको किसिम :

१. ख वर्गको व्यवसाय : रु.२० लाख सम्म लगानी

२. क वर्गको व्यवसाय : २० लाख रुपैंया भन्दा बढी लगानी

व्यवसाय कर संकलन कार्यविधि तयार गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

सम्पूर्ण खालका व्यवसायहरुको नविकरण गर्दा दर्ता शूल्कको ५०% र विलम्ब शूल्क २० % लाग्ने छ ।
व्यवसाय दर्ता र नविकरणबाट वार्षिक रु.५ लाख उठ्ने अनुमान गरिएको छ ।

अनुसुची-५

जडीबुटी, कवाडी र जीवजन्तु कर (बिक्रीबाट प्राप्त रकम)

आर्थिक ऐन २०७९ को दफा ६ अनुसार : सामुदायिक बन बिक्री आय

| सि.नं. | कर सूची | विवरण | शूल्क |
|---|---|---|---|
| १ | खयर (वन ऐन अनुसार प्रक्रिया पूरा गरेको) | प्रति रुख | १०० |
| २ | साल " | " | ७५ |
| ३ | कुकाठ " | " | ५० |
| ४ | सामुदायिक बन सूचीकृत | | १००० |

प्रति टयाक्टर १००

प्रति मिनी ट्रक २००

प्रति हेभी ट्रक ३००

कवाडी कर वापत वार्षिक रु.१० हजार उठ्ने अनुमान गरेको छु ।

अनुसुची-६

वार्षिक सवारी साधन कर

आर्थिक ऐन २०७९ को दफा ७ अनुसार :

प्रदेश सरकारले बनाएको कानुन बमोजिम हुनेछ ।

यि शीर्षकहरुबाट वार्षिक १० हजार राजश्व प्रदेश सरकारले पठाउने अनुमान गरेको छु ।





अनुसुची-७

विज्ञापन कर (आयमुलक कार्य)

आर्थिक ऐन २०७९ को दफा ८ अनुसार :

यो सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

यी शीर्षकहरुबाट वार्षिक १० हजार राजश्व उठ्ने अनुमान गरेको छु ।

अनुसुची-८

मनोरञ्जन कर

आर्थिक ऐन २०७९ को दफा ९ अनुसार : प्रदेशले बनाएको कानुन बमोजिम हुनेछ ।

यी शीर्षकहरुबाट वार्षिक १० हजार राजश्व उठ्ने अनुमान गरेको छु ।

अनुसुची-९

वहाल विरौटी कर

आर्थिक ऐन २०७९ को दफा १० अनुसार :

सार्वजनिक जग्गा र सार्वजनिक भवनलाई भाडामा लगाउन परेमा सरकारलाई आवश्यक परेको बेलामा फिर्ता गर्ने गरी कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ । यस शीर्षकबाट वार्षिक ५ लाख राजश्व उठ्ने अनुमान गरेको छु ।

अनुसुची-१०

पार्किङ्ग शूल्क

आर्थिक ऐन २०७९ को दफा ११ अनुसार :

| | |
|---|---|
| सवारी पार्किङ्ग शूल्क (रम्भा देवी मन्दिर परिसर क्षेत्रमा) | मोटरसाईकल रु.१०<br>कार, जिप, भ्यान रु.३०<br>बस, ट्रक रु.८०<br>ट्याक्टर रु.४० |

उक्त पार्किङ्ग स्थल प्रयोग, उपयोग र व्यवस्थापन गर्ने र प्रति फलको हिस्सेदारी यस अघि जग्गाधनीसँग भएको सम्झौता अनुरुप गाउँपालिकाले गरेको निर्णय अनुरुप हुनेछ । अनुमानित आम्दानी वार्षिक रु.५०००,०० उठ्ने अनुमान गरेको छु ।

## अनुसूची-११

### ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र न्याफ्टीङ शूल्क

आर्थिक ऐन २०७९ को दफा १२ अनुसार : न्याफ्टीङ व्यवसाय सञ्चालन गरेका फर्महरुले लाभग्राहीवाट उठाएको रकमको ५ प्रतिशत रकम गाउँपालिकालाई शूल्क स्वरुप तिर्नु पर्ने छ ।

ट्रेकिङको हकमा समूगत रुपमा यस पालिकामा ट्रेकिङ गर्न आएमा प्रति समूह रु ५०० रुपैया तिर्नु पर्ने छ ।

यस सम्बन्धी कर प्रचलित नियमानुसार असुल गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । अनुमानित आम्दानी वार्षिक रु. ५०००.०० उठ्ने अनुमान गरेको छु ।

## अनुसूची-१२

### १ सेवा शूल्क, दस्तुर

आर्थिक ऐन २०७९ को दफा १३ अनुसार :

| सि.नं. | कर सूची | विवरण | सेवा शूल्क, दस्तुर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | अंग्रेजी | ५०० |
| | | नेपाली | १५० |
| २ | राहदानी सिफारिस | | २०० |





| | | | |
|---|---|---|---|
| ३ | जग्गा प्रशासन : क) नामसारी | नामसारी | १५० |
| | | नामसारी मुचूल्का | ३०० |
| | जग्गा प्रशासन : ख) घरबाटो सिफारिस (प्रति कित्ता) थप कित्ताको लागि पक्की सडकमा पर्ने रु.५० प्रति कित्ता र कच्ची सडक रु.२५ प्रति कित्ता थप दस्तुर लाग्ने छ । | साधारण : | ३००।०० |
| | | कालोपत्रे सडकले छोएका जग्गाहरु अन्य पक्की मार्ग | ५०० |
| | | बाटो नभएको | १५० |
| ४ | पति पत्नीको सम्बन्ध विच्छेदको सिफारिस | | २०० |
| ५ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | ५०० |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | १५० |
| ७ | भारतीय पेन्सन पारिवारिक विवरण र अन्य सिफारिस | | १००० |
| ८ | भारतीय पेन्सन सिफारिस लागि | | ७०० |
| ९ | नेपालको पेन्सन पारिवारिक विवरण | | ३०० |
| १० | वृटिश पेन्सन पारिवारिक विवरण सिफारिस | | २००० |
| ११ | संघ संघा, | दर्ता | १००० |
| | | दर्ता र नविकरण सम्बन्धी सिफारिश | २०० |
| १२ | आमा समूह | दर्ता | १००० |
| | | दर्ता र नविकरण सम्बन्धी सिफारिस | १५० |
| १३ | क्लब | दर्ता | १००० |
| | | दर्ता र नविकरण सम्बन्धी सिफारिस | १५० |



CamScanner

| | | | |
|---|---|---|---|
| १४ | टोल विकास संस्था | दर्ता | १००० |
| | | दर्ता र नविकरण सम्बन्धी सिफारिस | १५० |
| १५ | गैर सरकारी संस्था | दर्ता | १००० |
| | | दर्ता र नविकरण सम्बन्धी सिफारिस | २०० |
| १६ | कृषि तथा पशु | फर्म दर्ता | १००० |
| | | फर्म दर्ता सिफारिस | १५० |
| १७ | विद्यालय तर्फ | बाल विकास केन्द्र सञ्चालन | ५०० |
| | | प्रा.वि. तह १ देखि ५ | १००० |
| | | आधारभूत तह ६ देखी ८ | १५०० |
| | | मा.वि. | २००० |
| | | स्नातक वा सो भन्दा बढी | ५००० |
| | | प्राविधिक शिक्षाको सिफारिस | २००० |
| | | शिक्षक विज्ञापन अनुमति | ५०० |
| | | अभिलेखिकरण | १००० |
| | | शिक्षक सरुवा सहमति आउने | १००० |
| | | जाने | १५०० |
| १८ | काठ दाउराको सिफारिस | प्रतिगाडी (६ चक्के) | १००० |
| | | प्रतिगाडी (१० देखि १२ चक्के) | १५०० |
| | | ट्याकटर | ३०० |
| १९ | अंग्रेजी रुपान्तरण | जन्म दर्ता ठेगाना परिवर्तन बाहेक | ५०० |
| २० | वंशजको नागरिकता र प्रतिलिपी सम्बन्धी सिफारिस | | ५० |
| २१ | नावालक परिचय पत्र (सिफारिस) | | ५० |
| २२ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | ५०० |
| २३ | नाम सूधारको सिफारिस | | १५० |





| | | | |
|---|---|---|---|
| २४ | सर्जिमिन मुचूल्का नागरिकता | | २०० |
| २५ | क) चारकिल्ला बाटोमा नपर्ने (१ रोपनी) | साधारण बाटोमा नपर्ने<br>सो भन्दा माथी भएमा प्रतिरोपनी २० % का दरले थप दस्तुर लाग्नेछ । | ३०० |
| | ख) चारकिल्ला प्रमाणित बाटोमा पर्ने | कच्चि सडकले छोएका एक आपसमा जोडिएका सबै कित्ताहरु | ४०० |
| | | पक्की बाटोले छोएका एक आपसमा जोडिएका सबै कित्ताहरु | ५०० |
| २६ | | साधारण र पक्की घरसहित जग्गाको ४ किल्ला | २०० |
| २७ | सनाखतको सिफारिस | | २०० |
| २८ | जन्म, मृत्यु सम्बन्धी सिफारिस | अंग्रेजी | ५०० |
| | | नेपाली | १५० |
| | | प्रमाणित शूल्क | १५० |
| २९ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | २०० |
| ३० | नाम, थर, जन्म, मिति संशोधन सिफारिस | | १५० |
| ३१ | सर्जमिन शूल्क | | ३०० |
| ३२ | अमिन शूल्क | १ कित्ता (जोडिएको प्रति कित्ता थप रु.२००) | १५०० |
| ३३ | अविवाहित/विवाहित प्रमाणित | अंग्रेजी | १५० |
| | | नेपाली | १५० |
| ३४ | बसाइसराईं | जाने | ५०० |
| | | आउने | १५० |
| ३५ | | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ५०० |
| ३६ | | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | ३०० |
| ३७ | | चारित्रिक सिफारिस विद्यार्थीका लागि | १५० |
| ३८ | | जनजाती र दलित प्रमाणित | १५० |



CS CamScanner

| | | | |
|---|---|---|---|
| ३९ | विद्युत जडान सम्बन्धी सिफारिस स्तर अनुसार | १) सामान्य कच्ची घर | १५० |
| | | पक्की घर | ३०० |
| | | २) व्यवसायिक | ५०० |
| | | ३) थ्रिफेज | १००० |
| ४० | टेलिफोन जडान सम्बन्धी सिफारिस | | १५० |
| ४१ | निजी धारा धारा जडान सम्बन्धी सिफारिस | | १५० |
| ४२ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आर.सी.सी.पक्की घर अन्य घर | पक्की घर | ३०० |
| | | कच्ची घर | १५० |
| ४३ | उद्योग स्थापना सिफारिस | ठूलो उद्योग | ५०० |
| | | मझौला उद्योग | ४०० |
| | | सानो उद्योग | २०० |
| ४४ | छात्रवृत्ती सम्बन्धी सिफारिस | | नि:शूल्क |
| ४५ | स्थायी बसोवास सिफारिस | | १५० |
| ४६ | न्यायिक कार्यका लागि निवेदन | | २०० |
| ४७ | नक्कल (न्यायिक निर्णयको हकमा) | | प्रतिपाना रु.१० |
| ४८ | लाहुरे चाल चलन प्रमाणित | लाहुरे भइ सकेपछि | १००० |
| ४९ | लाहुरे अविवाहित प्रमाणित | " | १००० |
| ५० | लाहुरे मुचुल्का | " | १००० |
| ५१ | लाहुरे हुन जाने बेलामा गर्ने सबै प्रमाणितहरुको प्रति प्रमाणित | | १५० |

२ अन्य सिफारिस, दस्तुर

| सि.नं. | कर सूची | विवरण | सेवा शूल्क, दस्तुर |
|---|---|---|---|
| १ | निवेदन फाराम तथा अनुसूची फाराम (प्रतिपाना) | | १० |
| २ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २०० |
| | अन्य मुचुल्का | | ३०० |





| | | | |
|---|---|---|---|
| ३ | निवेदन दर्ता व्यक्तिगत | | ५० |
| ४ | भवन निर्माण दरखास्त फाराम | | कच्ची १००, पक्की ५०० (भूकम्प पिडितलाई नि:शूल्क) |
| ५ | परीक्षा सम्बन्धी दरखास्त फाराम शूल्क | नियमानुसार | |
| ६ | कोटेशन फाराम शूल्क | आर्थिक नियमानुसार | |
| ७ | टेण्डर फाराम शूल्क | आर्थिक नियमानुसार | |
| ८ | नक्कल उतार प्रति पाना | कार्यालयले सार्दा | २० |
| | | | |
| ९ | घर पालुवा कुकुर | दर्ता र नविकरण | १०० |
| १० | भरुवा बन्दुक नविकरण सिफारिस दस्तुर | जिल्ला भर | ४०० |
| | | नेपाल भर | ५०० |
| ११ | मिलापत्र दस्तुर प्रति पक्ष | | ५०० |

यि सबै शीर्षकबाट समग्रमा १० लाख वार्षिक राजश्व उठ्ने अनुमान गरेको छु ।

३ हैसियत प्रमाणित

| सि.नं. | कर सूची | विवरण | सेवा शूल्क, दस्तुर |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मुल्याकाङ्ग | रु.१० लाख सम्म | १,००० |
| | | रु.२० लाख सम्म | १५०० |
| | | रु.३० लाख सम्म | २००० |
| | | रु.४० लाख सम्म | २५०० |
| | | रु.५० लाख सम्म | ३००० |
| | | रु.५० लाख भन्दा बढीमा प्रति १० लाख | ५०० थप |



CamScanner

| | | | |
|---|---|---|---|
| २ | वार्षिक आम्दानी (ऋण लिन र वैदेशिक रोजगार) | रु.५ लाख सम्म | १००० |
| | | रु.१० लाख सम्म | १५०० |
| | | रु.२० लाख सम्म | २५०० |
| | | रु.३० लाख सम्म | ३५०० |
| | | रु.४० लाख सम्म | ४५०० |
| | | रु.४० लाख भन्दा बढीमा प्रति ५ लाख | ५०० थप |

क. सम्पत्ती मूल्याङ्कन र वार्षिक आम्दानी दुवै गराउनेलाई बढी दस्तुर हुन आउँने एक मात्र असुल गर्ने ।

यी सबै शीर्षकहरुबाट वार्षिक रु.२० हजार राजश्व उठ्ने अनुमान गरेको छ ।

ख) गाउँपालिकाले तत्काल धितो मूल्याङ्कन गरेको सिफारिसको पुन : नविकरण गर्नु पर्दा जुन प्रयोजनका लागि गरिएको हो सोको लागि लाग्ने दस्तुरको १० प्रतिशत थप राजश्व लिइने छ ।

४. व्यवसाय दर्ता तथा इजाजत दस्तुर

| सि.नं. | विवरण | २०७९/०८० |
|---|---|---|
| क | व्यवसाय दर्ता तथा इजाजत दस्तुर | |
| | ५ लाख रुपैयाँसम्मको व्यवसाय दर्ता दस्तुर | १००० |

| | |
|---|---|
| टावर (टेलिफोन, मोवाइल) प्रति टावर | १०००० |

यस शीर्षकबाट वार्षिक ५ हजार राजश्व आम्दानी हुने अनुमान गरेको छ ।

५. संरचना निर्माण घर नक्शा पास दस्तुर

| सि.नं. | भौतिक संरचना निर्माण | करको दर (प्रति वर्ग फिट) ने.रु.मा | | |
|---|---|---|---|---|
| | | नक्शा पास क्षेत्र | | |
| | | क | ख | ग |
| १ | आर.सी.सी. फ्रम स्ट्रक्चर | | | |
| क) | पूर्ण भूमिगत तला | २.०० | १.५० | १.०० |
| ख) | अर्ध भूमिगत तला | ४.०० | ३.५० | ३.०० |
| ग) | जमिन तला | ४.०० | ३.५० | १.५० |
| घ) | पहिलो तला | ४.२५ | ३.७५ | १.५० |
| ङ) | दोश्रो तला | ४.५० | ४.०० | १.७५ |





| | | | | |
|---|---|---|---|---|
| च) | तेश्रो तला | ४.७५ | ४.२५ | २.०० |
| छ) | चौथो तला | ५.०० | ४.५०० | २.५० |
| ज) | पाँचौ तला वा सो भन्दा माथी | १०.०० | ८.०० | ३.०० |
| २. | सिमेन्टको जोईमा इटा वा ढुङ्गाको गारो (न्यूनतम ३३ से.मी. मोटाई) आर.सी.सी.,टायल जस्ता पाता छाना | ३.२५ | २.५० | ०.५० |
| ३. | जोडाईमा इटा वा ढुङ्गाको गारो (न्यूनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्ता पाता छाना | ३.२५ | २.२५ | ०.३० |
| ४ | माटोको जोडाईमा इटा वा ढुङ्गाको | ३.०० | २.०० | ०.२५ |

यस शीर्षकबाट वार्षिक १ लाख राजश्व आम्दानी हुने अनुमान गरेको छ ।

अनुसुची-१३

पर्यटन शूल्क

आर्थिक ऐन २०७९ को दफा १४ अनुसार : प्रदेश कानुन बमोजिम हुनेछ ।

अनुसुची-१४

अन्य बिक्रीबाट प्राप्त आय (दहत्तर बहत्तर (ढुगां गिट्टी बालुवा) शूल्क

आर्थिक ऐन २०७९ को दफा १५ अनुसार : दहत्तर बहत्तर शूल्क प्रदेश सरकारले बनाएको कानुनसंग नबाझ्ने गरी गाउँसभाले तोके बमोजिम हुनेछ ।

यस शीर्षकबाट वार्षिक ५७ लाख ६० हजार राजश्व आम्दानी हुने अनुमान गरेको छ ।

अनुसुची-१५

आर्थिक ऐन २०७९ को दफा १६ अनुसार : तपसिल बमोजिमको घटना दर्तासम्बन्धी विलम्व शूल्क लिइनेछ ।

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | जन्मदर्ता | १५० | |
| २ | विवाह दर्ता | १५० | |
| ३ | मृत्यु दर्ता | १५० | |
| ४ | वसाइसराईं | आएको १५०<br>गएको ५०० | |

| | | | |
|---|---|---|---|
| ५ | सम्बन्ध विच्छेद | १५० | |
| ६ | घटना दर्ताको प्रतिलिपी | ३०० | |

यस शीर्षकबाट वार्षिक २ लाख राजश्व आम्दानी हुने अनुमान गरेको छ ।

अनुसुची-१६

आर्थिक ऐन २०७९ को दफा १७ अनुसार : तपसिल बमोजिमको

दण्ड जरिवाना शूल्क लिइनेछ ।

| सि.नं. | विवरण | शूल्क | कैफियत |
|---|---|---|---|
| १ | नियम विपरित काम गर्ने हेभी इकुम्मेटको हकमा जे.सी.भी.पहिलो पटकलाई | १५००० | दोस्रो पटकलाई ५० % थप<br>तेस्रो पटकलाई १०० % थप<br>तीन पटक भन्दा बढी सो काम गरेमा नियम कानुन बमोजिम कारवाही अगाडि बढाउने । |
| २ | नियम विपरित काम गर्ने एक्साभेटर पहिलो पटकलाई | २०००० | दोस्रो पटकलाई ५० % थप<br>तेस्रो पटकलाई १०० % थप<br>तीन पटक भन्दा बढी सो काम गरेमा नियम कानुन बमोजिम काराही अगाडि बढाउने । |
| ३ | नियम विपरित काम गर्ने टिप्पर पहिलो पटकलाई | १५००० | दोस्रो पटकलाई ५० % थप<br>तेस्रो पटकलाई १०० % थप<br>तीन पटक भन्दा बढी सो काम गरेमा नियम कानुन बमोजिम कारवाही अगाडि बढाउने । |
| ४ | नियम विपरित काम गर्ने ट्याक्टर पहिलो पटकलाई | १०००० | दोस्रो पटकलाई ५० % थप<br>तेस्रो पटकलाई १०० % थप<br>तीन पटक भन्दा बढी सो काम गरेमा नियम कानुन बमोजिम कारवाही अगाडि बढाउने । |

यस शीर्षकबाट वार्षिक ५० हजार राजश्व आम्दानी हुने अनुमान गरेको छु ।

नियम विपरित काम गर्ने जुनसूकै सवारी साधनलाई समातेर कार्यालयमा बुझाउने व्यक्ति, संघ संस्था तथा कार्यालयलाई सवारी धनीले बुझाएको दण्ड जरिवाना रकमको १० % पुरस्कार स्वरुप प्रदान गरिने छ ।





जम्मा प्राप्त हुने कर, शूल्क, दस्तुरबाट अनुमानित आम्दानी एकमुष्ट सुची

| क्र.सं. | विवरण | प्राप्त हुने अनुमानित आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | सम्पति, बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | ५ लाख | |
| २ | भूमि करर मालपोत | १५ लाख | |
| ३ | घर जग्गा बहाल कर | २ लाख | |
| ४ | व्यवसाय दर्ता तथा नविकरण | ५ लाख | |
| ५ | कवाडी (विक्रीबाट प्राप्त रकम) | १० हजार | |
| ६ | सवारी साधन कर (साना सवारी) | १० हजार | |
| ७ | अन्य सस्यागत आन्तरिक अनुदान | १० हजार | |
| ८ | परिक्षा शूल्क | १० हजार | |
| ८ | बहाल विटौरी | ५ लाख | |
| ९ | पार्किङ्ग शूल्क | ५ हजार | |
| १० | सिफारिस, सेवा शूल्क दस्तुर | १२ लाख | |
| ११ | हैसियत प्रमाणित | २० हजार | |
| १२ | घटना दर्ता विलम्ब शूल्क | ३ लाख | |
| १३ | नदिजन्य पदार्थको विक्रि वापत | ५७ लाख ६० हजार | |
| १४ | अन्य दस्तुर | ५ लाख | |
| १५ | अन्य क्षेत्रको आय | २५ हजार | |
| १६ | प्रशासनिक दण्ड जरिवान र जफत | ५० हजार | |
| १७ | वेरुजु | ८ लाख | |
| १८ | नक्शा पास दस्तुर | १ लाख | |
| . | जम्मा | १ करोड २० लाख | |

रम्भा गाउँपालिकाको विनियोजन ऐन २०७८/०७९

रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना :- रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप धारा २ बमोजिम रम्भा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम रम्भा गाउँपालिकाको विनियोजन ऐन, २०७९ रहनेछ ।



CamScanner

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७९/०८० को लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७९/०८० को लागि गाउँपालिका, वडा समिती, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५०,२९,८३०००/- मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१)यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को लागि रम्भा गाउँपालिका, गाउँकार्यपालिका, न्यायिक समिती, वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा १मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिन्छ ।

तर चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्याको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा २ मा जुनसकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसुची १

यस गाउँपालिकाको तपसिल बमोजिमको शीर्षकहरुको स्रोत अनुमान गरिएको छ ।

आय तर्फ :

| | | |
|---|---|---|
| १. सर्शत अनुदान तर्फ:- | | |
| संघीय सरकार :- | | २३०४००००० |
| प्रदेश सरकार :- | - | ८०,००,०००/- |
| | जम्मा | २३,८४,००,००० /- |
| २.राजश्व बाँडफाँड तर्फ | | |
| संघीय सरकार :- | ७,९०,८९,०००/- | |
| प्रदेश सरकार :- | ५९,७१,०००/- | |
| | जम्मा | ८,५०,६०,०००/- |





| | | |
|---|---|---|
| ३.वित्तिय समानीकरण अनुदान तर्फ | | |
| संघीय सरकार :- | १०,३१,००,०००/- | |
| प्रदेश सरकार :- | ५५,२३,०००/- | |
| | जम्मा | १०,८६,२३,०००/- |
| ४.विशेष अनुदान | | |
| संघीय सरकार :- | ९००००००/- | |
| प्रदेश सरकार :- | ६०,००,०००/- | |
| | जम्मा | १,५०,००,०००/- |
| ५.आन्तरिक आम्दानी | १,२०,००,०००/- | १,२०,००,०००/- |
| ६. विद्युत रोयल्टी | ३५,००,०००/- | ३५,००,०००/- |
| ७. समपुरक कोष :- | | |
| | संघीय सरकार :- | |
| | प्रदेश सरकार :- | १,५०,००,००० /- |
| | जम्मा :- | १,५०,००,००० /- |
| ७. गत वर्षको अल्या. | २००००००/- | २००००००/- |
| | कुलजम्मा | ५०,२९,८३,०००/- |

व्यय तर्फ :

| | | |
|---|---|---|
| १ सर्शत अनुदान तर्फ:- | | |
| संघीय सरकार :- | | २३०४००००० |
| प्रदेश सरकार :- | - | ८०,००,०००/- |
| | जम्मा | २३,८४,००,००० /- |
| २. विशेष अनुदान | | |
| संघीय सरकार :- | ९०,००,००० | |
| प्रदेश सरकार :- | ६०,००,०००/- | |
| | जम्मा | १,५०,००,०००/- |
| ३. समपुरक कोष :- | | |
| | संघीय सरकार :- | |
| | प्रदेश सरकार :- | १,५०,००,००० /- |

| | | |
|---|---|---|
| कुल चालु खर्च | २८,२९,६५,०००/- | |
| पूँजीगत | २२,००,१८,०००/- | |
| | जम्मा | ५०,२९,८३,०००/- |

आज्ञाले
कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner